(आ.व. २०७९/०८०) वैठक नं.

आज मिति २०८० साल असार ०८ गते शुक्रवारका दिन विहान ८:०० बजे हरिपुर नगर कार्यपालिकाको तेइसौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी वाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१. अशोक कुमार थापा (कम्प्युटर अपरेटर)

२. अमित नारायण मिर्दाहा (कार्यालय सहयोगी)

Scanned with CamScanner

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

मिति२०८०।०३।०८

## मिति २०८०/०३/०८ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

१. पूर्व निर्णयको समिक्षा सम्बन्धमा ।
२. नीति तथा कार्यक्रम २०८० अनुमोदन सम्बन्धमा ।
३. आर्थिक विधेयक २०८० अनुमोदन सम्बन्धमा ।
४. विनियोजन विधयेक २०८० अनुमोदन सम्बन्धमा ।
५. वडा नं. २ को नाला सम्वन्धमा ।
६. आर्थिक सहायता सम्वन्धमा ।
७. प्रावि जगतपुर विद्यालयलाई अनुदान सम्वन्धमा ।
८. पोखरीको जग्गा ब्यवस्थापन सम्वन्धमा ।
९. कृषि मिटरको महसुल सम्वन्धमा ।
१०. वडा नं २ को सडकसीमा खाली गर्ने सम्वन्धमा ।
११. सार्वजनिक सुनवाई कार्यक्रम सम्वन्धमा ।
१२. नगरपालिकाको क्यान्टिनको लागि माटो पटानको इन्धन खर्च सम्वन्धमा ।
१३. योजना छनौटका लागि भेला गोष्ठी संचालनको लागी वडा कार्यालयलाई ब्यवस्थापन खर्च सम्वन्धमा ।
१४. १ नं. वडा कार्यालय भवनको छतको पर्निंग गर्ने सम्वन्धमा ।
१५. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएका नीति तथा कार्यक्रमलाई अनुमोदन गर्दै नगर सभामा स्विकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय राजश्व परामर्श समितिबाट सिफारिस भई पेश भएका आर्थिक विधेयक अनुमोदन गर्दै स्विकृतीको लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएका विनियोजन विधेयक अनुमोदन गर्दै स्विकृतीको लागि नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत वडा नं. २ कार्यालयको प.सं. २०७९।०८०, च.नं. १६२९, मिति २०८०।०३।०४ गतेको पत्रानुसार दशौ र एघारौं नगरसभाबाट स्विकृत योजना हात्तीसार जाने बाटोको दुवै तर्फ नाला निर्माण कार्य प्रदिपको घर देखि उत्तर तर्फ केदार साहको घर सम्म

Scanned with CamScanner

मिति२०८०।०३।०८

नाला निर्माण गर्नु पर्ने भएको हुँदा नगरपालिकाको प्राविधिक टोलीले नयाँ बनाउने नालाको लेवल चेक गर्दा केदार साहको घर देखि उत्तर तर्फ पहिला नै नाला निर्माण भएकोमा सो नालाको उचाई भएको कारणले हाल निर्माण गर्नु पर्ने नयाँ नालाको पानी पुरानो नालाबाट पास नहुने प्राविधिक प्रतिवेदन नगरपालिकामा पेश गरेको हुँदा प्राविधिकको राय बमोजिम पुरानो नाला भत्काई हाल सम्झौता भएको नाला निर्माणको कार्य अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाका देहायका ब्यक्तिहरु तथा संस्थाहरुलाई देहाय अनुसारको रकम आर्थिक सहायता दिने निर्णय गरियो:

| क्र.सं. | आर्थिकसहायतालिनेब्यक्तीकोनामथर | ठेगाना | रकमरु | कारण | शिर्षक |
|---|---|---|---|---|---|
| १ | श्री अभिमन्यु चौधरी | हरिपुर-७, सर्लाही | १५०००।०० | समा चकेवा पर्व | आर्थिक सहायता शिर्षक |
| २ | श्री मुकेश दास कथवनिया | हरिपुर-२, सर्लाही | १५०००।०० | हावाहुरीले सोलारको पोल लडेर मोटरसाइकल टुटफुट भएको | |

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिका वडा नं. ८ मा रहेको जनता प्रा.वि. जगतपुर विद्यालयमा वाइरिंग र सिलिंग फाइनको ब्यवस्था नभएको हुँदा उक्त विद्यालयमा गर्मीमा पठन-पाठनमा विद्यार्थि र शिक्षकहरुलाई समस्या हुने भएकोले ८ नं. वडा कार्यालयको प.सं. २०७९।०८०, च.नं. ९६७, मिति २०८०।०३।०३ गतेको सिफारिस पत्रानुसार उक्त विद्यालयमा वाइरिंग गर्न र सिलिंग फाइन खरिद गर्नको लागि दशौ नगरसभाको पुंजीगत खर्च शिर्षक पेज नं. ५७ मा क्र.सं. ४४ मा कार्यपालिकाको वैठकबाट खर्च हुने रकम रु. ५०,००,०००।०० विनियोजन मध्येबाट रकम रु. १,००,०००।०० अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा श्री महावीर जनता बहुमुखी क्याम्पस, हरिपुर, सर्लाहीको प.सं. २०७९।०८०, च.नं. ३६, मिति २०८०।०१।११ गतेको प्राप्त क्याम्पसको दिगो आय श्रोतको लागि पोखरीको जग्गा ब्यवस्थापन सम्वन्धको पत्रानुसार उक्त हरिपुर नगरपालिका वडा नं. ८/ख, कि.नं. २२७/२२८ को क्षेत्रफल ३-१-१३ को पोखरीको जग्गा संरक्षण तथा ब्यवस्थापन गरी पोखरी भोग चलन गरी ठेक्का लगाउन हुन श्री महावीर जनता बहुमुखी क्याम्पस, हरिपुर, सर्लाहीलाई अनुमति दिने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका कार्यालय अन्तर्गत कृषि शाखाबाट आ.व. २०७९।०८० को दशौ नगरसभाबाट स्विकृत बजेट रु. ५,००,०००।०० विनियोजन भएको रकमले यस नगरपालिका भरि कृषकहरुले कृषि विद्युत मिटर जडान गर्ने कृषकहरुलाई विद्युत मिटरको विल महसुलको रकम बुझाउन नगरपालिकाबाट सूचना भए अनुसार कृषकहरुले यस नगरपालिकामा बुझाएको महसुल विलको ८० प्रतिशत वा रकम रु. १०,०००।०० भन्दा कम रहेको रकम मात्र नगरपालिका कार्यालयले ब्यहोर्ने निर्णय गरियो ।

Scanned with CamScanner

मिति२०८०।०३।०८

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिका वडा नं. २ मा आ.व. २०७८/०७९ मा पुलचौक देखि पश्चिम कछडिया टोल हुँदै लखनदेही खोला सम्म जाने सडकमा कालो पत्रे गर्न ठेक्का लागिसकेको हुँदा उक्त सडक यथाशिघ्र निर्माण गर्नुपर्ने भएकोले सो सडक खण्डमा मिति २०७९ फागुन २९ गतेको नगर कार्यपालिकाको निर्णयानुसार सडक मापदण्ड बमोजिम २८ फिट कायम गरिएको हुनाले सडकको दाँया बाँया २८ फिट भित्र पर्ने घर टहरा अन्य कुनै संरचना हटाउन यस नगरपालिकाबाट मिति २०८० जेष्ठ ०७ गतेको ७ दिने सूचना र मिति २०८० असार ०५ गतेको २४ घण्टा भित्र सो सडकको दायाँ बायाँ स्थान खाली गरी सक्नु पर्ने सम्वन्धीत सूचना प्रकाशित गरिसकेकोमा हाल सम्म उक्त सडकको दायाँ बायाँ खाली नभएको हुँदा त्यस सडकको दायाँ बायाँको संरचना खाली गराउन यस नगरपालिकाको गाडी प्रयोग गरी भत्काउने र त्यस सडकको सीमाभित्र परेको विद्युत पोलहरु स्थानतरण गर्न लाग्ने विल बमोजिमको खर्च दशौ नगरसभाको पुँजीगत खर्च शिर्षक पेज नं. ५७ मा क्र.सं. ४४ मा कार्यपालिकाको वैठकबाट खर्च हुने रकम रु. ५०,००,०००।०० विनियोजन मध्येबाट खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिका कार्यालयमा आ.व. २०७९।०८० मा भए गरेका कामकारवाहीहरुको नगरवासी एवं आम सरोकारवालाहरुलाई जानकारी तथा भावी दिनमा नगरपालिकाले गर्नु पर्ने कामकारवाहीहरुमा आवश्यक सल्लाह एवं सुझाव लिने उद्देश्यले नगरपालिका कार्यालयमा नै मिति २०८०।०३।१७ गते आइतवार विहान ११.०० सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न दशौ नगरसभाको पेज नं. ५४ मा चालुगत खर्च शिर्षकको क्र.सं. ६४ मा प्रत्येक वडामा सार्वजनिक सुनुवाई कार्यक्रममा रकम रु. ५,००,०००।०० विनियोजन भएको रकम मध्ये रु. १,००,०००।०० खर्च हुने गरी नेपाल पत्रकार महासंघ शाखा, सर्लाहीलाई जिम्मेवारी दिने र उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको लागि प्रत्येक वडाध्यक्ष ज्युहरुले आ.व. २०७९।०८० मा वडामा भएका कामकारवाहीको प्रतिवेदन सहित सार्वजनिक सुनुवाईमा वडाहरुका लागि आएका सवालहरुको जवाफ दिने गरी कार्यक्रममा सहभागि हुने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकाको क्यान्टिन तथा पार्किंग निर्माणको लागि निशुल्क भोग चलनको लागि प्राप्त भएका नगरपालिका भवन अगाडीको ५ कठ्ठा जग्गामा माटो पुर्ने कार्यको लागि यस कार्यालयका हेभी सवारी साधनहरु प्रयोग गरी कार्य गर्दा लागेको इन्धन खर्च रु. १,००,०००।०० दशौ नगरसभाको पुँजीगत खर्च शिर्षक पेज नं. ५७ मा क्र.सं. ४४ मा कार्यपालिकाको वैठकबाट खर्च हुने रकम रु. ५०,००,०००।०० विनियोजन मध्येबाट रकम रु. १,००,०००।०० खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस हरिपुर नगरपालिकाको नगरसभाको बाह्रो वैठकको लागि वडाहरुमा योजना छनौट, योजना प्राथमिकिकरण गर्न वडाहरुमा विभिन्न टोल वस्तीहरुमा आम भेला र गोष्ठी गर्न खर्च भएकोले वडा कार्यालयहरुलाई भेला र गोष्ठी ब्यवस्थापन गर्न यस नगरपालिकाको चालुगत खर्चको मिल्दो शिर्षकबाट रकम रु. १०,०००।०० का दरले वडाहरुलाई आम भेला र गोष्ठी खर्च दिने निर्णय गरियो ।

प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस हरिपुर नगरपालिका अन्तर्गत १ नं. वडा कार्यालयको भवन वर्षातको समयमा छत चुहिने भएको कारणले कार्यालयको सरकारी कागजातहरु भिज्ने र नष्ट हुने भएकोले १ नं. वडा कार्यालय भवनको छतमा पनिंग गर्न दशौ नगरसभाको पुँजीगत खर्च शिर्षक पेज नं. ५७ मा क्र.सं. ४४ मा कार्यपालिकाको वैठकबाट खर्च हुने रकम रु. ५०,००,०००।०० विनियोजन मध्येबाट लागत अनुमान बमोजिम रकम रु. १,००,०००।०० खर्च गर्ने निर्णय गरियो ।

Scanned with CamScanner